नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.................................................................. शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : २०८२/१०/१९
११४६ सिल्लागा पारु-१६

विषय :- प्रेस विज्ञप्ति

विश्व स्वास्थ्य संगठनद्वारा विश्वव्यापी तथा दक्षिण-पूर्वी एसिया क्षेत्रीय स्तरमा निपाह भाइरसको जनस्वास्थ्य जोखिम न्यून रहेको मूल्याङ्कन गरिएतापनि, छिमेकी मुलुकमा देखिएका निपाह भाइरसका केही घटनाहरूलाई मध्यनजर गर्दै यस मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा पूर्वतयारीका कदमहरूस्वरूप देशभरका स्वास्थ्य संस्था तथा निकायहरूलाई सचेत गराइएको तथा निपाह भाइरसको परीक्षण एल्गोरिदम (अन्तरिम) तयार गरिएको जानकारी गराइन्छ।

निपाह भाइरस संक्रमित फलाहारी चमेराको रयाल, पिसाब वा मलमूत्रले दूषित फलफूल सेवन गर्दा संक्रमण हुन सक्दछ। साथै, संक्रमित व्यक्तिको रगत, थुक, पिसाब वा नजिकको सम्पर्कबाट तथा चमेरोबाट सुँगुर हुँदै पनि मानिसमा यो संक्रमण सर्न सक्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबैलाई फलफूल राम्ररी पखालेर मात्र खाने, तरकारी राम्रोसँग पकाएर खाने, सफा र सुरक्षित पानी उमालेर मात्र पिउने, जनावरका गोठ तथा फार्म सफा राख्ने, मासु काट्दा पञ्जा र मास्क प्रयोग गर्ने, बेला बेलामा साबुन पानीले हात धुने तथा भिडभाडमा जाँदा मास्क लगाउनेजस्ता जनस्वास्थ्यका मापदण्डहरू पालना गर्न अनुरोध गर्दछ।

ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने, चक्कर लाग्ने, खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, वाकवाकी लाग्ने, बान्ता हुने तथा गम्भीर अवस्थामा होस हराउने, अचेत हुने जस्ता शंकास्पद लक्षण देखिएका बिरामीहरूको शीघ्र पहिचान, आइसोलेसन, रिपोर्टिङ तथा संक्रमण रोकथाम तथा नियन्त्रण मापदण्ड कडाइका साथ पालना गर्न गराउन पनि यस मन्त्रालय सबै सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछ। साथै, कुनै शंकास्पद लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्था वा ११११५ मा तुरुन्त सम्पर्क गर्न समेत आग्रह गर्न चाहन्छ।

हालसम्म नेपालमा निपाह भाइरसका घटना पुष्टि नभएका तथा स्वास्थ्य निकायहरू जोखिम न्यूनीकरणका लागि पूर्ण रूपमा तयारी अवस्थामा रहेकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबैलाई आतंकित नहुन तथा आफू र परिवारलाई सुरक्षित राख्न जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य रूपमा पालना गर्न पनि अनुरोध गर्दछ। मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार निकायहरूसँग समन्वय गर्दै अवस्था निरन्तर अनुगमन गरिरहेकाले सबैलाई अफवाहमा नपर्न र मन्त्रालयद्वारा जारी आधिकारिक सूचनामात्र विश्वास गर्न पनि मन्त्रालय यस विज्ञप्तिमार्फत अनुरोध गर्दछ।

पुनश्चः नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नागरिकहरूको स्वास्थ्य सुरक्षाका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको र आवश्यक सबै कदमहरू चालिरहेको जानकारी गराउँदै, सबैलाई आतंकित नहुन तर सचेत, सजग र जिम्मेवार बन्न हार्दिक अनुरोध गर्दछ।

डा. प्रकाश बुढाथोकी
प्रवक्ता एवं
प्रमुख, स्वास्थ्य आपतकाल तथा विपद् व्यवस्थापन

Scanned with CamScanner